**संघीय संसद्**

# राष्ट्रिय सभा

**पाँचौं अधिवेशन**

**बैठक - १५**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ माघ २७ गते सोमबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **पन्ध्रौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले उहाँको निमन्त्रणामा मित्रराष्ट्र क्यानडाको माथिल्लो सदन (सिनेट) का सभामुख जर्ज जे. फुरी नेतृत्वको संसदीय टोली नेपाल भ्रमणमा आएको र नेपालको संसदीय अभ्यासको अवलोकनका क्रममा निज सभामुख फुरी लगायत भ्रमण दलका सदस्यहरू राष्ट्रिय सभाको विशिष्ट दिर्घामा रहेको जानकारी गराउनु हुँदै उहाँहरूलाई नेपालको संघीय संसद्, राष्ट्रिय सभा र आफ्नो व्यक्तिगत तर्फबाट समेत स्वागत गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विशेष समय" मा दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो:

**मा. दीनानाथ शर्मा**ले क्यानडाको संसदीय टोलीलाई स्वागत गर्नुका साथै क्यानडा र नेपालको राजनीतिक प्रणालीका विशेषता सम्बन्धमा चर्चा गर्नुहुँदै क्यानडाबाट नेपालले धेरै सिकेको बताउनुभयो ।

**मा. सुरेन्द्रराज पाण्डे**ले क्यानडाका सिनेटका सभामुखको टोलीलाई स्वागत गर्नुहुँदै संविधानको मर्म र भावना विपरीतका विधेयकलाई सच्याउनुपर्ने माग गर्नुभयो । त्यसैगरी उहाँले संवैधानिक निकायलाई स्वतन्त्र रूपले काम गर्न दिनुपर्ने बताउनु हुँदै एमसीसीलाई राजनीतीकरण नगरी पारित गर्नुपर्ने माग गर्नुभयो ।

**मा. रमेश प्रसाद यादव**ले क्यानडाका सिनेटका सभामुखको टोलीलाई स्वागत गर्नुहुँदै क्यानडा र नेपालको सम्बन्धबारे चर्चा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै कार्यसूचीमा रहेका सम्पूर्ण विषयहरु सूचीबाट हटाउनु भएको जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल फाल्गुण ५ गते सोमबार दिनको १:०० बजे बस्ने गरी दिनको २:३० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(गोपालनाथ योगी)

संघीय संसदको निमित्त महासचिव